**मिति २०७७।१२।२० गतेको ४९ औं गाउँ कार्यपालिकाका प्रस्ताव तथा निर्णयहरु ।**

**प्रस्तावहरु :**

१. गाउँ कार्यपालिकाको ४८ औं बैठकको समिक्षा सम्वन्धमा ।
२. मल्लरानी गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्यांकन नतिजा अनुमोदन सम्वन्धमा ।
३. जग्गा प्राप्ती सम्वन्धमा ।
४. आर्थिक सहयोग सम्वन्धमा ।
५. रकमान्तर सम्वन्धमा ।
६. कार्यसम्पादन सम्झौता सम्वन्धमा ।
७. विविध

**निर्णयहरु :**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गाउँकार्यपालिकाको मिति २०७७।१२।१३ गतेको वैठकमा भएका निर्णयहरुको समिक्षा तपसिल वमोजिम गरियो ।

- यस मल्लरानी गाउँपालिकामा रिक्त रहेका कर्मचारीहरुको विवरण च.नं १२०८ मिति २०७७।११।१३ गतेको पत्रसाथ संलग्न राखि माग आकृति मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाईयो ।
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत छनौट भएका व्यक्तिहरुको सम्झौताको लागि सम्वन्धित वडामा पत्राचार गरियो ।
- गाउँपालिकाको आ.व २०७७।०७८को दोस्रो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७७।१२।२९ गते गर्न सुचना प्रकासन तथा सरोकारवाला हरुलाई पत्राचार गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा यस मल्लरानी गाउँपालिकाको आयोजना र प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहयोगमा मिति २०७७।१२।१७ देखि मिति २०७७।१२।२० सम्म स्थानीय तह संस्थागत क्षमता विकास स्व-मूल्यांकन अभिमुखिकरण तथा स्व-मुल्यांकन कार्यशाला संचालन गरिएकोमा यस मल्लरानी गाउँपालिकाले प्राप्त गरेको संस्थागत क्षमता स्व-मुल्यांकन देहाय बमोजिमको नतिजा अनुमोदन गरि वेवसाईटवाट प्रकाशन गर्ने निर्णय गरियो र यसको जानकारी प्रदेश र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो ।

## मल्लरानी गाउँपालिका प्यूठानको स्व-मूल्यांकन नतिजा

| क्र.स | विषय क्षेत्र | सूचक नं. | सूचक | प्राप्ताङ्क | गर्नुपर्ने काम |
|---|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | १ | सभाको सञ्चालन प्रक्रिया | ०.५ | • गाउँ सभाको पत्र ७ दिन अगावै एजेण्डा सहित पठाउनु पर्ने ।<br>• सभा तथा कर्यपालिकोको निर्णय तथा ऐन कानुनहरु सार्वजनिक गर्नु पर्ने (वेवसाईट, सूचनापाटी, सूचना पाटीमा )<br>• उपसमितिको बैठक र सभा संचालन कार्यविधि निर्माण गर्ने<br>• आन्तरिक नियन्त्रण |
| | | २ | कार्यपालिकाको निर्णय प्रक्रिया | १ | |
| | | ३ | सभा / कार्यपालिकाले बनाएका स्थानीय कानुन (ऐन, नियम, निर्देशिका, कार्याविधि र मापदण्ड ( तथा निर्णयहरुको सार्वजनिकीकरण ) | १ | |
| | | ४ | सभा र कार्यपालिकाका समिति र उपसमिति सञ्चालन सम्बन्धी कार्यविधि | ० | |
| | | ५ | कार्यपालिकाको बैठक सञ्चालन (बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्यसूची उपलब्ध गराउने, गणपूरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदि | १ | |
| | | ६ | आन्तरिक नियन्त्रण प्रणाली | ० | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | ७ | स्थानीय तहका पदाधिकारी हरुको सम्पति विवरण | १ | प्रणाली निर्देशिका बनाउने<br>• अघिल्लो बैठकको अर्थपूर्ण समिक्षा गर्नु पर्ने । |
| | | ८ | मूल्याङ्कन अवधिमा बसेको कार्यपालिकाको बैठक संख्या | ०.५ | |
| | | ९ | लेखा प्रणालीमा SuTRA को प्रयोग | १ | |
| | | | **प्राप्ताङ्क** | ६ | |
| २ | संगठन तथा प्रशासन | १ | गाउँ तथा नगरपालिकाको क्षमता विकास | ० | • गाउँपालिका क्षमता विकास योजना बनाउनु पर्ने<br>• प्रतिबेदन तथा विवरण समयमै पठाई वेवसाईडमा समेत राख्नुपर्ने<br>• गाउँपालिका संगठन संरचना तयार गर्नु पर्ने |
| | | २ | प्रतिवेदन तथा विवरण प्रेषण। | ०.५ | |
| | | ३ | विषयगत विभाग/महाशाखा शाखा उपशाखा र एकाइहरु एवं जनशक्तिको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण । | १ | |
| | | ४ | स्थायी पदपूर्ति नगर्ने भनिएका पदहरुमा करारबाट मात्र पदपूर्ति। | १ | |
| | | ५ | कर्मचारीहरुको कार्य सम्पादन सम्झौता । | १ | |
| | | ६ | जनशक्ति क्षमता विकासमा लगानी | ०.५ | • सम्पूर्ण कर्मचारी तथा जनप्रतिनिधिलाई क्षमता विकास तालिमको आवश्यकता पहिचान गरि तालिम दिने |
| | | ७ | प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति दिन (आफ्नो क्षेत्रभित्र काजमा रहेको अवधि समेत) क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता। | १ | |
| | | ८ | क्षमता विकास कर्यक्रममा पदाधिकारी र कर्मचारीको सहभागिता | १ | |
| | | | **प्राप्ताङ्क** | ६ | |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | १ | वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना तर्जुमा। | ०.५ | • दिगो विकासका लक्ष्यहरु र लक्ष्य प्राप्तीको लागि योजना तयार गर्नु पर्ने ।<br>• गै.स.स.को बार्षिक कार्यक्रम गाउँपालिकाको वार्षिक बजेट तथा कर्यक्रममा समावेश गर्नु पर्ने। |
| | | २ | बजेट तथा कार्यक्रम तर्जुमा र पारित गर्ने कार्यमा सम्बद्ध समिति र समन्वय | १ | |
| | | ३ | दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण | ० | |
| | | ४ | विषयक्षेत्रगत रूपमा बजेट सिलिङ्ग निर्धारण | १ | |
| | | ५ | बजेट प्रस्तति तथा स्वीकृति | १ | |
| | | ६ | गैरसरकारी सघ संस्थाहरुले गाउँ तथा नगर सभाबाट पारित गरी योजना कार्यान्वयन | ० | |
| | | ७ | कूल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा। | ० | |
| | | ८ | पाँच लाख भन्दा कम लागतका योजनाले कूल पूँजीगत बजेटको ओगटेको हिस्सा (बजेट तथा कार्यक्रम तर्जुमाको मार्गदर्शन) | १ | |
| | | ९ | वार्षिक आन्तरिक आय बृद्धि गत वर्षको तुलनामा | ० | |
| | | १० | गैसस मार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गै स.सको नगद लागत साझेदारी | ० | |
| | | ११ | समपुरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरुमा लागत साझेदारीका लागि बिनियोजित बजेट | ०.५ | |
| | | | **प्राप्ताङ्क** | ५ | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | वितिय एवं आर्थिक व्यवस्थापन | १ | आन्तरिक स्रोत<br>(स्थाससंऐ दफा ६५) | ०.७५ | • बेरुजु संपरिक्षण गरि फछ्यौट गर्नु पर्ने ।<br>• वार्षिक समिक्षा प्रतिवेदन तयार गर्नु पर्ने।<br>• बेरुजु अभिलेख खाता तयार गर्नु पर्ने |
| | | २ | वित्तीय अनुशासन | ० | |
| | | ३ | आय व्ययको वर्गीकरण तथा लेखाङ्कनका लागि नेपाल सरकारद्वारा निर्धारित पद्धति र ढाँचाको प्रयोग | १ | |
| | | ४ | आय र व्ययको विवरण सार्वजनिकीकरण | १ | |
| | | ५ | प्रचलित कानुन अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयारी र कार्यान्वयन | ०.५ | |
| | | ६ | वार्षिक बजेट कार्यान्वयनको प्रगति समीक्षा | ०.५ | |
| | | ७ | रकमान्तर | १ | |
| | | ८ | प्रशासनिक खर्च | १ | |
| | | ९ | पूँजीगत खर्च | १ | |
| | | १० | राजस्व सङ्कलन | ०.५ | |
| | | ११ | खर्च गर्ने अख्तियारी | १ | |
| | | | **प्राप्ताङ्क** | ८.२५ | |
| ५ | सार्वजनिक सेवा प्रवाह | १ | सेवा प्रवाह<br>(स्थाससंऐ दफा११) | ०.७५ | • सार्वजनिक सेवा प्रवाहको विषयमा कार्यपालिका बैठकमा छलफल गरि प्रतिवेदन तयार गर्ने।<br>• स्वास्थ्य चौकीसँग समन्वय गरि सस्थागत जन्मलाई अनलाईन मार्फत जन्म दर्ता गर्ने व्यवस्था मिलाउने<br>• उपभोक्ता सन्तुष्टि सर्वेक्षण गनु पर्ने<br>• सेवा प्रवाहको मापदण्ड बनाउनु पर्ने<br>• सार्वजनिक सुनुवाई चौमासीकरुपमा कम्तीमा एकपटक गर्नु पर्ने |
| | | २ | वडाले उपलब्ध गराउने सेवा | ०.७५ | |
| | | ३ | सेवा प्रतिको सन्तुष्टी | ०.५ | |
| | | ४ | सेवाप्रवाहमा प्रविधिमा आधारित टोकन, अनलाइन रजिष्ट्रेसन वा कम्प्युटर बिलिङ्ग प्रविधिको प्रयोग | ० | |
| | | ५ | सेवाप्रवाहको मापदण्ड (SOP) | ०.५ | |
| | | ६ | बैकिङ्ग प्रणालीबाट भुक्तानी | ०.५ | |
| | | ७ | वडामा सेवाप्रवाहको बैकल्पिक व्यवस्था | १ | |
| | | ८ | (गुनासो फछ्यौंट) | ० | |
| | | ९ | सामाजिक सुरक्षा भत्ता बैङ्क खाता मार्फत भुक्तानी | ० | |
| | | १० | जन्मेको मितिले ३५ दिनभित्र भएको कूल जन्मदर्ता संख्या | ० | |
| | | ११ | सार्वजनिक सुनुवाई | १ | |
| | | १२ | सेवा प्रवाहमा घुम्ती सेवाको प्रयोग (स्थाससंऐ दफा) को उपदफा २ को ङ ७)<br>घुम्तीसेवाका क्षेत्रहरू खोप, भिटामिन ए वितरण, स्वास्थ्य शिविर, कृषि पशु सम्बन्धी सेवाहरू व्यक्तिगत घटना दर्ता आदि) | १ | |
| | | १३ | शिक्षामा सबै बालबालिको पहुँच | ० | |
| | | १४ | स्वास्थ्य सेवामा नागरिकको पहुँच | १ | |
| | | १५ | कृषि र पशु सेवा | ०५ | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | १६ | स्थानीय उत्पादनको प्रवर्द्धन र बजारीकरण | १ | |
| | | | प्राप्ताङ्क | ८.५ | |
| ६ | न्यायीक कार्य सम्पादन | १ | न्याय सम्पादन | १ | • न्याय समितिको प्रतिवेदन दर्ता गरि एजेण्डा सहित गाउँ सभामा पेश गरि निर्णय गर्नु पर्ने<br>• सबै वडामा मेलमिलाप केन्द्रको स्थापना गर्नु पर्ने । |
| | | २ | मेलमिलाप कर्ताको व्यवस्था | १ | |
| | | ३ | न्ययिक समितिको निर्णय प्रकृया | १ | |
| | | ४ | न्ययिक समितिको प्रतिवेदन प्रणाली | ० | |
| | | ५ | उजुरी फछ्र्योट। | १ | |
| | | ६ | न्यायिक समितिको निर्णय उपर पुनरावेदन | १ | |
| | | ७ | मेलमिलाप केन्द्र गठन | ० | |
| | | | प्राप्ताङ्क | ५ | |
| ७ | भौतिक पूर्वाधार | १ | सडक यातायात गुरुयोजना अनुसार सडक पूर्वाधार निर्माण | ०.५ | • सडकगुरु योजना अनुसार बार्षिक बजेटतथा योजना निर्माण गर्नु पर्ने<br>• सडक नक्सापास गर्नु पर्ने<br>• सडकको क्षेत्राधिकार निर्धारण गर्नु पर्ने<br>• जोखिम संबेदनशिल भु उपयोग योजना तयार गर्नु पर्ने<br>• बार्षिक प्रगति विवरण तुलनात्मकरुपले तयार गर्नु पर्ने<br>• बन तथा बातावरण समितिको निर्णय कर्यपालिकाले अनुमोदन गर्नु पर्ने<br>• भौतिक पूर्वाधार विकासमा सार्वजनिक नीजी साझेदारी निती तयार, कार्यान्वयन र समिक्षा प्रतिबेदन तयार गर्नु पर्ने ।<br>• बालमैत्री स्थानीय शासन निती तयार गर्नु पर्ने, वडा तथा स्थानीय तह घोषणा प्रतिबेदन<br>• मर्मत संभारकोष नीति तयार तथा बार्षिक प्रगति प्रतिबेदन कर्यपालिकामा पेश गर्नु पर्ने ।<br>• राष्टिय भवन सहिता र मापदण्ड तयार गरि |
| | | २ | जोखिम संवेदनशील भूउपयोग योजना | ० | |
| | | ३ | भौतिक पूर्वाधार विकासमा सार्वजनिक निजी साझेदारी | ० | |
| | | ४ | बालमैत्री, अपाङ्गतामैत्री पूर्वाधार | ० | |
| | | ५ | निर्मित पूर्वाधारको उपयोग र दिगो व्यवस्थापन | ० | |
| | | ६ | आयोजनाको बातावरणीय अध्ययन संक्षिप्त, प्रारम्भिक बातावरणीय प्रभाव मूल्यांकन र बातारण प्रभाव मूल्यांकन IEE ,EIA | ०.५ | |
| | | ७ | राष्टिय भवन संहिता र मापदण्ड | ० | |
| | | ८ | सडकको विस्तार | ० | |
| | | ९ | सडकको स्तरउन्नती | १ | |
| | | १० | खानेपानी सेवा विस्तार | ० | |
| | | ११ | बार्षिक योजनाको कार्यान्वनयन स्थिती | १ | |
| | | १२ | फोहोरमैला व्यवस्थापन | ० | |
| | | १३ | औद्योगिक पूर्बाधार | ० | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नक्शापास अभिलेख र निर्माण सम्पन्न प्रतिवेदन तयार गर्ने ।<br>• फोहोर मैला व्यवस्थापन निति तयार गर्नु पर्ने ।<br>• औद्योगिक ग्राम निर्माण संचालन कार्यविधि तयार |
| | | | **प्राप्ताङ्क** | ३ | |
| ८ | सामाजिक समावेशीकरण | १ | सामाजिक विभेदको न्यूनीकरण | ०.७५ | • सामाजिक सुरक्षा तथा संरक्षण निति बनाउनु पर्ने<br>• टोल विकास संस्था गठन गर्नु पर्ने |
| | | २ | समानुपातिक सहभागिता | १ | |
| | | ३ | सामाजिक सुरक्षा तथा संरक्षण | ० | |
| | | ४ | घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान | ०.५ | |
| | | ५ | बालश्रम, बाल विवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथासँग सम्बन्धित कार्यहरु | १ | |
| | | ६ | लैङ्गिक उत्तरदायी बजेट परीक्षण (GRB Audit) | १ | |
| | | ७ | महिला विरूद्ध हुने घरेलु हिंसाको घटनामा कमी | ० | |
| | | ८ | बालश्रम, बालविवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता प्रथा रोकथामका लागि तर्जुमा गरिएका कार्यक्रममा लगानी | ०.५ | |
| | | ९ | महिला/दलित/अपाङ्गता भएका व्यक्ति संयोजक/अध्यक्ष भएको उपभोक्ता समितिहरुको सङ्ख्या (कूल गठीत उपभोक्ता समितिको) । | ०.५ | |
| | | १० | आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानमा गरिने लगानी | ०.५ | |
| | | | **प्राप्ताङ्क** | ५.७५ | |
| ९ | बातावरण संरक्षण तथा विपद व्यवस्थापन | १ | विपद् व्यवस्थापन | १ | • वातावरण प्रदुषण मापन तथा नियन्त्रण प्रतिबेदन र बजेट तथा कार्यक्रम<br>• वातावरण मैत्री स्थानीय पूर्वाधार निती बनाउनु पर्ने<br>• विपद् जोखिमको पहिचान र नसांकन तयार गर्नुपर्ने<br>• वातावरणिय संरक्षण टोल विकास संस्था, नागरीक तथा निजी क्षेत्र र गै.स.स. विच |
| | | २ | वातावरणीय प्रदूषण नियन्त्रण (जल, भूमि, ध्वनी, वायु र खाद्य) | ०.५ | |
| | | ३ | बातावरण मैत्री पूर्वाधार | ० | |
| | | ४ | विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन | ० | |
| | | ५ | वातावरणीय क्षेत्र प्रवर्द्धनमा बजेट विनियोजन | ०.५ | |
| | | ६ | वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गै.सा.सा.को सहभागिता | ० | |
| | | ७ | स्थानीय विपद् व्यवस्थापन कोषमा बजेट विनियोजन र खर्च | १ | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | ८ | टोल विकास संस्था गठन तथा सञ्चालन | ० | सम्झौता हुनुपर्ने । • टोल विकास संस्था गठन प्रकियामा जानुपर्ने । • एम्बुलेन्स अग्नी नियन्त्रक जस्ता आकस्मिक सेवाहरुको पहुँच गर्नुपर्ने । |
| | | ९ | एम्बुलेन्स, अग्नी नियन्त्रण जस्ता आकस्मिक सेवाहरुको उपलब्धता | ०.५ | |
| | | | प्राप्तांङ्क | ३.५ | |
| १० | समन्वय र सहकार्य | १ | सङ्घ, प्रदेश र स्थानीय तह बीचको सहकार्य र समन्वय | ०.७५ | • संघ प्रदेश र स्थानीय तह विच सहकार्य र समन्वय हुनु पर्ने । • दुई वा सो भन्दा बढि स्थानीयत तहहरुको सरोकारको विषयमा बन्ने समितीहरुको गठन र प्रतिवेद हुनुपर्ने । |
| | | २ | अन्तर स्थानीय तह सहकार्य र समन्वय र प्राकृतिक श्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फौहोरमैला व्यवस्थापन, आपतकालीन सेवा व्यवस्थापन,राजश्व सङ्कलन आदि । | ०.५ | |
| | | ३ | दुई वा सो भन्दा बढी स्थानीय तहको सरोकारको विषयमा बन्ने समितिहरुको गठन र सञ्चालन | १ | |
| | | ४ | अन्तर सरकारी समन्वय तथा सहजीकरण | ० | |
| | | ५ | अन्तर स्थानीय तह साझेदारी | ० | |
| | | ६ | जिल्ला समन्वय समिति सँगको समन्वय | ०.५ | |
| | | | जम्मा | २.७५ | |
| | | | कूल जम्मा | ५३.७५ | |

**३.** प्रस्ताव नं ३ माथि छलफल गर्दा यस मल्लरानी गाउँपालिकामा जग्गा प्राप्ती सम्वन्धमा प्राप्त भएका निवेदन माथि छलफल गर्दा तपसिलका निर्णयहरु गरियो ।

- मल्लरानी गाउँपालिका वडा नं ५ मा वस्ने हुकुम बहादुर बुढाथोकी क्षेत्रीको नाममा दर्ता श्रेस्ता कायम भएको साविक स्वैरा गा वि स वडा नं ५ हाल मल्लरानी गाउँपालिका वडा नं ५ को कित्ता नं ८३४ पाचा आवादि क्षेत्रफल ३८८६.८७ वाट कित्ता काट गरि आधा रोपनी (२५४.३६ वर्ग मि) पूर्व तर्फ को जग्गा जग्गा धनी हुकुम बहादुर बुढाथोकी क्षेत्रीले साझा सुविधा केन्द्र निर्माणको लागि श्री मल्लरानी गाउँपालिका वडा नं ५ को वडा कार्यालयलाई निशुल्क दिने भनि मिति २०७७।१२।१६ गते निवेदन प्राप्त भएकाले उक्त जग्गा प्राप्त गर्ने निर्णय गरियो साथै सो संग सम्वन्धित आवश्यक प्रक्रियाको लागि प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गर्ने निर्णय गरियो ।
- मल्लरानी गाउँपालिका वडा नं ४ मा वस्ने समुन्द्र खड्का क्षत्रीको नाममा दर्ता श्रेस्ता कायम भएको साविक खलंगा गा वि स वडा नं ७ हाल मल्लरानी गाउँपालिका वडा नं ४ को कित्ता नं २२१ पाचा आवादि क्षेत्रफल ११८१ वर्ग मिटर वाट कित्ता काट गरि आधा रोपनी ((२५४.३६ वर्ग मि) पश्चिम तर्फ को जग्गा, जग्गा धनी समुन्द्र खड्का क्षत्रीले मल्लरानी गा पा वडा नं ४ सारिबाङ्ग स्थित गाउँघर क्लिनीक निर्माणको लागि श्री मल्लरानी गाउँपालिका वडा नं ४ को वडा कार्यालयलाई निशुल्क दिने भनि मिति २०७७।१२।१८ गते निवेदन प्राप्त भएकाले उक्त जग्गा प्राप्त गर्ने निर्णय गरियो साथै सो संग सम्वन्धित आवश्यक प्रक्रियाको लागि प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गर्ने निर्णय गरियो ।

**४.** प्रस्ताव नं ४ माथि छलफल गर्दा तपसिलका व्यक्ति तथा संस्था हरुलाई अर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

- यस मल्लरानी गाउँपालिका वडा नं २ निवासी श्री विक्रम रानामगरको अर्थिक स्थिति कमजोर भएका कारण उपचार गर्न नसकेकोले निजलाई सहयोग स्वरुप रु ५०००।(पाँच हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।
- अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी) लाई सहयोग स्वरुप रु ५०००।(पाँच हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner